# नासौं गाउँपालिकाको विपन्न दलित आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।०५।२८

प्रमाणिकरण मिति : २०७५।०५।२८

**प्रस्तावना:**

नासौँ गाउँपालिको आ.ब.२०७५।७६ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार सञ्चालन गरिने विपन्न दलित आवास कार्यक्रमलाई जनमुखी, आवश्यकतामुखी तथा नतिजामुखी बनाउनका लागि कार्यक्रम सञ्चालनको रुपरेखा तयार गरी व्यवस्थित गर्न वाञ्छनीय भएकाले नासौँ गाउँपालिकाको प्रशासकीय कार्यविधि व्यवस्थित गर्ने ऐन, २०७४ को दफा ५ अनुसार नासौँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धारापानी मनाङले यो कार्यविधि वनाएको छ । ,

१. **संक्षिप्त नाम र प्रारम्भ:-**

क. यस कार्यबिधिको नाम "**नासौँ गाउँपालिकाको बिपन्न दलित आवास कार्यक्रम सञ्चालन कार्यबिधि–२०७५**" हुनेछ ।

ख. यो कार्यबिधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले नासौँ गाउँपालिका सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग. "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

घ. “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ. “उपाध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

च. “वडाध्यक्ष” भन्नाले नासौं गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

छ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ज. “सदस्य” भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाअध्यक्ष समेतलाई जनाउँछ ।

झ. “सभा” भन्नाले नासौं गाउँ सभालाई सम्झनुपर्छ ।

ञ. “कार्यविधी” भन्नाले “नासौं गाउँपालिकाको विपन्न दलित आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५” सम्झनुपर्छ ।

ट. “वडा सचिव” भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनुपर्छ ।

ठ. “छानविन समिति” भन्नाले आवेदकहरुमध्येबाट आवास कार्यक्रममा सहभागी हुनका लागि लाभग्राही छनौट गर्न गठित खण्ड ५ बमोजिम गठित छानविन समितिलाई जनाउँछ ।

३. **कार्यालयले सुचना जारी गर्नुपर्ने** : यस कार्यक्रम सञ्चालन गर्नका लागि नासौं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले सर्वसाधारणको जानकारीका लागि कम्तीमा १५ दिने सुचना जारी गर्नुपर्नेछ ।

४. **कार्यक्रमको लागि आबेदन दिनुपर्ने:-** बिपन्न दलित आवास कार्यक्रममा सहभागी हुनको लागि नासौं गा.पा. क्षेत्रभित्रका खण्ड (४) बमोजिम मापदण्डभित्र पर्ने सर्वसाधारणले अनुसुचि -१ बमोजिमको निबेदन दिनुपर्ने छ ।

५. **कार्यक्रममा आबेदकको मापदण्ड सम्बन्धि व्यवस्था :-** यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले तपसिल बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-

क. नासौँ गा.पा. भित्रको ना.प्र. बाहक र स्थायी दलित बासिन्दा हुनुपर्ने ।

ख. अति विपन्नका लागि सरकारी राज्यकोषबाट नियमित तलब भत्ता वा अन्य सुबिधा नलिएको हुनुपर्ने

ग. कमजोर आर्थिक अवस्था भएको हुनुपर्ने ।

घ. आवेदक वा निजको परिवारको नाममा नेपालभर व्यवस्थित पक्की घर नभएको हुनुपर्ने ।

६. **निबेदन उपर छानबिन सम्बन्धी व्यवस्था:-** कार्यबिधिको खण्ड (४) बमोजिम मापदण्डमा परेको आबेदकले अनुसुचि-१ बमोजिम रितपुर्वक निबेदन दिएको अवस्थामा प्राप्त निबेदनहरु उपर छानबिन तथा छनौटका लागि सिफारिसका गर्न तपसिल बमोजिमको ५ सदस्यीय छानबिन समिति रहने छ ।

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. सामाजिक बिकास समिति संयोजक - सदस्य

ग. गाउँ कार्यपालिकाको दलित सदस्य - सदस्य

घ. कम्तिमा १ जना महिला सहित अध्यक्षले मनोनित गरेको ३ जना - सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

७. **छानबिन समितिको काम, कर्तव्य र अधिकार:-** तोकिएबमोजिमका अन्य कामहरुका अतिरिक्त छानविन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. खण्ड ३ बमोजिम निबेदन दिएका व्यक्तिहरुको यथार्थ स्थिति बुझि मापदण्ड पुगेको र कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको खण्डमा निज आवेदकलाई छनौटका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

ख. छानबिन समितिले प्राप्त निबेदन अनुरुप व्यहोरा माथि शंका लागेमा स्थलगत अध्ययन गर्न तथा वडा कार्यालयमार्फत बिबरण माग गर्ने जाँचबुझ गर्ने लगायतका कार्य गर्न सक्ने छ ।

ग. सम्बन्धित पक्षले छानबिन समितिलाई आवश्यक सुचना तुरुन्त दिनुपर्ने छ ।

घ. छानविन समितिले चाहेअनुरुप सहयोगी, प्राविधिक कर्मचारी तथा कार्यालयबाट आवश्यक सहयोग लिन सक्नेछ ।

ङ. छानविन समितिले आवश्यक छलफल, अन्तर्क्रिया, निवेदकसँग अन्तर्वाता लगायत स्वयं निर्धारीत कार्यविधि अनुसार लाभग्राहीको छनौट गर्न सक्नेछ ।

८. **छनौट सम्बन्धि व्यवस्था:-**

विपन्न दलित आवास कार्यक्रममा सहभागी हुने लाभग्राहीको छनौट छानबिन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले तोकिएको संख्यामा अन्तिम छनौट गर्नेछ ।

९. **जग्गा सम्बन्धि व्यवस्था:-** कार्यबिधिको खण्ड (३) बमोजिम निबेदन दिने आबेदकले घर बनाउनको लागि आबश्यक जग्गाको व्यवस्था स्वयम्ले गर्नुपर्नेछ । आवेदक वा निजको परिवारको नाममा जग्गा धनी दर्ता प्रमाण पुर्जा नभएको खण्डमा यस कार्यक्रममा आवेदन गर्न पाइने छैन ।

१०. **वजेट खर्च प्रक्रिया सम्बन्धि व्यवस्था:-** यस कार्यालयमार्फत सञ्चालन गर्ने विपन्न दलित आवास निर्माण योजना ठेक्कामार्फत, लाभग्राही उपभोक्ता समितिमार्फत वा कार्यपालिकाले तोकेको अन्य कुनै विधिबाट बजेट खर्च

गरिनेछ। कार्यपालिकाले वजेट खर्चको पारदर्शिता कायम हुने गरी कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाउनुपर्नेछ।

११. **अनुदान सम्बन्धि व्यवस्था:-** कार्यालयले लाभग्राहीहरुलाईृ प्रति आवास उपलब्ध गराउने अनुदान रकम सम्बन्धि व्यवस्था देहायबमोजिम हुनेछ।

**आवास बिहीनहरुको लागि**

क. अति बिपन्न दलित- ३,५०,०००।-

ख. बिपन्न दलित- १,७५,०००।-

ग. आवास व्यवस्थित भएका बिपन्न दलितलाई उनीहरुको माग तथा आवश्यकता र व्यवसायीक हिसावले गरी खानका लागि जिन्सी वा अन्य सहयोग समेत गर्न सकिने छ।

१२. आवास कार्यक्रम अन्तर्गत बन्ने भवन संरचनाहरु भुकम्प प्रतिरोधी तथा प्राबिधिक रुपले बलियो र सुरक्षित हुनु पर्ने छ।

१३. दलित आवास कार्यक्रम तथा दलित सशक्तीकरण सम्बन्धि अन्य व्यवस्था गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१४. दलित आवास कार्यक्रम अन्तर्गत निर्माण हुने सम्पूर्ण संरचनाहरुको नक्सा, प्राबिधिक इस्टिमेट तथा संरचनाहरुको निर्माण सम्बन्धि व्यवस्था गाउँपालिकाको कार्यरत ईन्जिनियर तथा प्राबिधिक शाखाले तोके बमोजिम हुने छ।

१५. संशोधन तथा खारेजी : यस कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ।

# अनुसुचि-१

(खण्ड-३ संग सम्बन्धित)

## कार्यक्रममा सहभागिताका लागि आवश्यक निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
नासौँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धारापानी, मनाङ ।

बिषय:- बिपन्न दलित आवास कार्यक्रममा सहभागी गराई दिनु हुन ।

महोदय,

नासौँ गा.पा. ले आ.व. २०७५/०७६ मा सञ्चालन गर्ने बिपन्न दलित आवास कार्यक्रमको ध्येय अनुसार म आवास बिहीन (अति विपन्न/बिपन्न) दलित भएकाले वडा कार्यालयको सिफारिस, ना.प्र.पत्रको प्रतिलिपि, जग्गाधनी दर्ता प्रमाण पर्जाको प्रतिलिपि सहित आवास निर्माण गरिपाउन यो निबेदन पेश गरेको छु । म यो घोषण गर्दछु कि मेरो वा परिवारको नाउँमा नेपाल भर पक्की घर छैन सरकारी राज्यकोषबाट निरन्तर सुबिधा पाउने पदमा म र मेरो परिवारको कुनै सदस्य बहाल छैन र नासौँ गाउँपालिकाको सम्पुर्ण नियम कानुन ,मापदण्ड पुर्ण रुपमा पालना गर्न मञ्जुरी व्यक्त गर्दछु ।

**निबेदक**

हस्ताक्षर:

नाम थर:

ठेगाना :

ना.प्र.नं. :

आज्ञाले,
सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत